तथा बालबालिका कार्यालय, घरेलु विकास समिति, राष्ट्रिय युवा परिषद्, निजिस्तर आदिबाट ब्यावसायिक तालिम प्राप्त गरेका र सवै भन्दा वढी युवा रहेको निर्वाचन क्षेत्रको वडाबाट आएको उद्यम प्रस्तावलाई विशेष प्राथमिकता दिई माथिका आधारमा परियोजना छनौट गर्नु पर्नेछ र तालिम प्राप्त नगरेका अन्य युवालाई क्रमशः सम्वन्धित संस्थाहरुको सहकार्यमा तालिम प्रदान गदै लैजाने व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद –४

## उद्यम छनौट तथा सम्झौता

६. उद्यम छनौट: (१) उद्यम कार्यक्रममा सहभागिताका लागि नगरपालिकाले इच्छुक युवा समूहको जानकारीका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी उक्त सूचना नगरपालिकाको वेवसाइट www.manthalimun.gov.np समेत राख्ने छ साथै नगरपालिकाले सम्पूर्ण वडा कार्यालयहरुलाई जानकारी गराउनेछ । नगरपालिकाले पनि सवैलाई सो सूचना जानकारी गराउने गरी सार्वजनिक गर्नुपर्नेछ । नगरपालिकाले आवश्यकता अनुसार १५ दिन सम्मको समय थप गरी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि नगरपालिका क्षेत्रको एक वडा भित्रका कम्तिमा ५ देखि १० जनाको युवा समूह, उद्यम तथा संघ संस्थाले उद्यम सञ्चालन गर्नको लागि निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र प्रस्तावपत्र सहित अनुसूची –२ बमोजिमको ढाँचामा सम्बन्धित नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) नगरपालिका उद्यम छनौट समिति: नगरपालिकाको कार्यालयमा प्राप्त भएका निवेदन र अनुसूची – ३ बमोजिमको ढाँचामा व्यवसायिक योजना मूल्याङ्कन गरी छनोट गर्न देहायको युवा उद्यम मुल्याङ्कन समिति रहनेछ ।

(क) सामाजिक विकास समितिको संयोजक – अध्यक्ष

(ख) कार्यपालिका सदस्यहरुमध्ये बाट एक जना महिला सदस्य – सदस्य

(ग) नगर प्रमुखले तोकेको वित्तीय सेवा प्रदायक संघ संस्थाको प्रतिनिधि एक जना– सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) शिक्षा, युवा र खेलकुद शाखा प्रमुख – सदस्य

(च) आर्थिक विकास शाखा प्रमुख – सदस्य सचिव

(छ) प्रस्ताब परेका उद्यमसँग सम्बन्धित क्षेत्रको विज्ञ प्रतिनिधि ।(घरेलु, कृषि, भेटेनरी, पशु, विज्ञान प्रविधि आदि)लाई आमन्त्रण गर्नसकिने छ ।

**द्रष्टव्य: जिल्ला युवा समितिको अध्यक्षलाई आमन्त्रित गर्नुपर्नेछ ।**

(४) नगरपालिका उद्यम छनोट समितिको बैठक सम्बन्धी निर्देशिका सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले प्राप्त भएका व्यवसायिक प्रस्तावहरु मुल्यांकन गरी ७ दिन भित्र आफनो राय सहित स्वीकृतको लागि नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ।

(६) नगरपालिका उद्यम छनौट समितिको बैठकमा वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय संस्थालाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ र आवश्यकता अनुसार उद्यमको व्यावसायिक प्रस्तावको विषय क्षेत्र अनुसार अन्य विशेषज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

(७) नगरपालिकाउद्यम छनौट समितिले गर्ने कार्यहरु देहाय वमोजिम छन्:

(क) नगरपालिका उद्यम छनौट समितिले छनौट भएका व्यवसायिक प्रस्तावको विस्तृत अध्ययन, तथा मूल्यांकन गरी कार्यपालिकामा स्वीकृतका लागि सिफारिस गरी पठाउने।

(ख) कार्यपालिकाले आवश्यक देखेमा उद्यम संचालन कार्यान्वयन गर्ने क्षेत्रको अनुगमन निरीक्षण गर्नुका साथै सरोकारवालाहरुसँग सोधपुछ,विचार विमर्श गर्न सक्नेछ ।

(ग) नगरपालिका उद्यम छनोट समितिले सिफारिस गरेका प्रस्ताव नगरपालिकाले सम्झौता र कार्यान्वयनका लागि स्वीकृत गर्नेछ।

(घ) उद्यमी समूहले उद्यम गर्नका लागि ऋण प्राप्त गरेपछि कुनै कारणले उद्यम गर्न नसकेको अवस्थामा नगरपालिकाले सो को अनुगमन गरी तत्काल कारण सहित दोश्रो क्रममा रहेको उद्यम संचालन गर्न सम्झौता र कार्यान्वयन गर्नेछ।

(ङ) उद्यमी समूहको सदस्यहरु मध्ये कुनै एक सदस्यले उद्यम गर्न गर्न छोडी कतै गएमा, उद्यमीको मृत्यु भएमा अथवा भागेमा सो सदस्यको सट्टा सोही वडाको १६ देखि ४० बर्ष भित्रका इच्छुक अर्को युवालाई आवश्यक प्रकृया पुरा गरी समावेश गराउन सकिनेछ।

(च) कुनै कारणले व्यवसाय परिवर्न गर्न चाहेमा वा पहिले पेश गरेको प्रस्ताव योजना सञ्चालनमा बाधा अड्चन आइपरेमा नगरपालिकामा कारण सहित निवेदनको साथमा अर्को प्रस्तावित योजना दिन सक्नेछ र नगरपालिकाले कारण मनासिव देखेमा कार्यपालिकाको निर्णय अनुसार कार्यान्वयन गरिनेछ।

७. उद्यम सम्झौता: (१) छनौट भएका युवा उद्यमको समूह र नगरपालिका तथा वित्तिय सेवा प्रदायक संस्थाबीच नगरपालिकाले तोकेको ढाँचामा त्रिपक्षीय सम्झौता गरिनेछ ।यसमा नगरपालिकाको कार्यालय, उद्यमको लागि छनौट भएका युवा समूह र वित्तिय सेवाप्रदायक संस्था रहनेछन् ।

(२) सम्झौताको प्रथम पक्ष नगरपालिकाको कार्यालय र दोस्रो पक्षवित्तीय सेवा प्रदायक संघसंस्था र तेश्रो पक्षमा सम्बन्धित उद्यमी युवा समूह हुनेछन् ।

(४) सम्झौताको तीन प्रति हुनेछ । एक प्रति सम्वन्धित युवा समूहलाई, एक प्रति नगरपालिकामा, एक प्रति वित्तिय कारोवार गर्न छनौट भएको वित्तीय सेवाप्रदायक संस्थामा पठाउनुपर्नेछ ।

## परिच्छेद –५

## कोष तथा लेखा परीक्षण

